म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ५ | विहीबार १९ साउन २०७९ | ने. सं. ११४२ गुँलाथ्व | 4 August, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

## मेयर र सिडिओसँग व्यवसायीको मागः १२ बजेसम्म होटल खोल्न पाउनुपर्‍यो

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ मकवानपुरका होटल व्यवसायीहरुले हेटौंडा उपमहानगरकी मेयर मिनाकुमारी लामादेखि प्रमुख जिल्ला अधिकारी (सिडिओ)समक्ष राति १२ बजेसम्म होटल खोल्न पाउनुपर्ने माग राखेका छन् ।

होटल सञ्चालक व्यवसायीहरुले हेटौंडामा पर्यटक ल्याउन रातको १२ बेजसम्म होटलहरुलाई सञ्चालनको अनुमति दिनुपर्ने माग राखेका हुन् । बुधवार साँझ हेटौंडामा मकवानपुर होटल एसोसिएसनको आयोजनामा भएको होटल तथा पर्यटन व्यवसाय विकासका लागि अन्तरक्रिया कार्यक्रममा व्यवसायीहरुले प्रहरीले दुःख दिएकोसमेत गुनासो राखेका छन् । हाल हेटौंडामा राति १० बजेसम्म होटल सञ्चालनका लागि अनुमति दिइएको छ । नगरमा पर्यटकलाई आकर्षण गर्न रात्रिकालिन सेवा प्रदान गर्न आवश्यक रहेको भन्दै १२ बजेसम्म सेवा सञ्चालनको अनुमति माग गरेका हुन् ।

अन्तर्क्रिया कार्यक्रममा बोल्दै होटल एसोसिएसनका संस्थापक अध्यक्ष भगिरथ शर्माले राति १२ बजेसम्म होटल सञ्चालनको अनुमति दिन आग्रह गरेका हुन् । 'बेलुका चाँडै होटल बन्द गर्नुपर्दा पर्यटकहरु आउन छोडे । आएका पर्यटकहरु पनि बेलुकासम्म बस्न नपाउँदा हेटौंडा आउनै छोडेका छन् । पर्यटकहरुलाई आकर्षण गर्नपनि १२ बजेसम्म अनुमति दिनुपर्‍यो ।,' शर्माले भने । नेपाल पर्यटक बोर्डले पनि केही दिनअघि मेयर लामासहित होटल व्यवसायीहरुलाई राखेर हेटौंडालाई पर्यटकीय सहरका रुपमा विकास गर्न रात्रिकालिन सेवा प्रदान गर्नु अपरिहार्य रहेको सुझाव दिएको थियो ।

बोर्डको सुझावअनुसार होटल व्यवसायीहरु १२ बजेसम्म सेवा सञ्चालन गर्न पाउनु पर्ने माग राख्दै सम्बन्धित निकायको ढोका ढक्ढक्याउन थालेका छन् । एसोसिएसनका संस्थापक अध्यक्ष शर्माले बजार क्षेत्रमा धेरै सीसीक्यामेरा जडानका लागि मेयर लामासँग आग्रह गरेका छन् । उनले होटल व्यवसायीहरुको सहकार्यमा हरेक हप्ता नगर आसपासका करिब १०-१५ वटा पर्यटकीय क्षेत्रमा पर्यटकलाई घुमाउने व्यवस्था मिलाएर पर्यटकहरुमा आकर्षित गर्न सकिनेतर्फ जोड दिए । यसो गर्दा पर्यटकीय क्षेत्रको उत्थान हुनेमा शर्माको विश्वास छ । एसोसिएसनका



निवर्तमान अध्यक्ष शंकरलाल श्रेष्ठले नगरभित्रका पर्यटकीय क्षेत्रको भिडियो डकुमेन्ट्री बनाएर प्रचारप्रसारमा ध्यान दिन माग गरेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख लामाले हेटौंडालाई बजार हैन, सहर बनाउन लागिपरेको बताइन् । हेटौंडालाई फुलैफुलको सहर बनाउन २०७४ सालबाटै सुरु गरिएको उनको भनाई थियो । 'प्रदेश राजधानी भएपछि हेटौंडालाई बजारमा मात्रै सीमित नबनाई सहर बनाउन काम गरिरहेका हौं । पहिला हामीले हेटौंडालाई बजार भन्थ्यौं । अब बजार हैन, सहरका रुपमा विकास गर्नुपर्छ ।,' लामाको भनाई थियो । उनले होटल व्यवसायीहरुले व्यवहार परिवर्तन गर्नुपर्ने सुझाव दिइन् । विगतमा भन्दा हाल हेटौंडामा धेरै पाहुनाहरु आउने गरेकाले होटल व्यवसायीहरुले राजधानीकै हैसियत अनुसारको सेवा प्रदान गर्नुपर्नेमा उनको जोड थियो । उनले सेवा प्रदानमा होटलहरुले परिवर्तन नगरेको बताइन् ।

पर्यटकहरुलाई हेटौंडामै बास बसाउन होटलहरुको सेवासुविधामा निर्भर हुने लामाको भनाई छ । 'पर्यटकहरुलाई यहाँ राख्न र पुनः फर्किएर आउने वातावरण बनाउन चुनौती छ । निश्चित समय मिलाएर सांस्कृतिक कार्यक्रमहरु गर्नुपर्छ । सांस्कृति कार्यक्रमहरुले आन्गतुक पाहुनाहरुलाई हेटौंडामै बास बसाउने योजना ल्याउनु पर्छ ।,' उनले भनिन् । लामाले होटल व्यवसायीहरुलाई बलियो बनाउन उपमहागरले काम गरिरहेको विश्वास दिलाएकी छन् । हेटौंडा चिनाउने भिडियो बनाएर प्रचार गर्नुपर्नेमा उनको जोडथियो ।

मकवानपुरका सिडिओ राजेन्द्र देव पाण्डेले मुलुकको विकासमा होटल व्यवसायको महत्वपूर्ण भूमिका रहेको बताएका छन् । होटल व्यवसायले राज्यलाई कर तिर्दै सहयोग गर्नेदेखि रोजगारीको सिर्जना र कृषि क्षेत्रको विकासमासमेत टेवा पुर्‍याएको उनको भनाई थियो । उनले पर्यटकहरुलाई हेटौंडामा बस्ने वातावरण बनाउनु पर्नेमा जोड दिए ।

उनले पर्यटकलाई आकर्षित गर्न रात्रिकालिन सेवाका लागि होटल व्यवसायीहरुलाई आवश्यकता अनुसार अनुमति दिन सकिने बताएका छन् । होटलहरुले उपयुक्त योजना बनाएर प्रस्तुत भएमा राति १२ बजेसम्म र आवश्यक परेमा रातभर सञ्चालनको अनुमति दिन समस्या नभएको उनको भनाइ थियो । उनले समाजमा असर पर्ने गतिविधि हुनुनहुनेतर्फ व्यवसायीहरुलाई सचेत गराए ।

सिडिओ पाण्डेले होटल व्यवसायीहरुलाई सुरक्षा निकायले दुःख दिने काम नगर्ने प्रतिबद्धता जनाएका छन् । सुरक्षा निकायबाट दुःख दिने नियतले गतिविधि भए खबर गर्न पाण्डेको आग्रह छ । यसैगरी, हेटौडाका उपप्रमुख राजेश बानियाँले संघीय सरकारले पर्यटन वर्ष मनाए जस्तै हेटौंडामा पनि स्थानीय पर्यटन वर्ष मनाउनु पर्ने धारणा राखेका छन् । होटल व्यवसायीहरुको साथमा स्थानीय सरकार रहेको भन्दै बानियाँले हेटौंडामा पर्यटकलाई आकर्षित गर्न उपमहानगरले पर्यटन समिति बनाएर काम सुरुवात गरेको जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक वामदेव गौतमले विकास र सुरक्षालाई सँगसँगै लैजानु पर्ने बताए । प्रहरीले शान्तिसुरक्षा कायम गराउनेदेखि अपराध नियन्त्रणको काम प्रमुखताका साथ गर्ने भन्दै होटल व्यवसायमासमेत सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता जनाए । उनले होटल सञ्चालकहरुलाई पाहुनाको परिचय खुल्ने गरी सेवा प्रवाह गर्न, सुरक्षाका लागि सिसिटिभि राख्न आग्रह गरेका छन् ।


प्रहरी र होटल व्यवसायीबीच द्वन्द्व देखिएपनि वास्तवमै द्वन्द्व भने नभएको उनको तर्क छ । हेटौंडा-२ का वडा अध्यक्ष, होटल एसोसिएसनका वरिष्ठ उपाध्यक्ष तथा नगर पर्यटन समितिका संयोजकसमेत रहेका विष्णुगोपाल महर्जनले हेटौंडामा पर्यटक नआउने र बाटो परेर बस्ने परम्परालाई तोड्नु पर्ने बताए ।

पर्यटकलाई आकर्षित गर्न र पर्यटनलाई अगाडि बढाउन नगरमा पर्यटन समिति बनेको उनले जानकारी गराए । हेटौंडालाई पर्यटनको हब बनाईने उनको भनाई छ । त्यसका लागि नगरका १९ वटै वडामा सम्भावित पर्यटकी क्षेत्रको डीपीआर बनाएर काम गर्ने उनले बताए ।

भारतीय पर्यटकलाई आकर्षित बनाउन धार्मिक पर्यटनको विकास गर्नुपर्ने उनले सुझाव दिएका छन् । एसोसिएसनले कार्यक्रमका अबसरमा मेयर लामा, उपमेयर बानियाँ, केही समयअघि मकवानपुर सुरुवा भएर आएका सिडिओ पाण्डे, प्रहरी प्रमुख गौतमलाई स्वागतसँगै सम्मान गरेको छ ।

होटल एसोसिएसनका अध्यक्ष दिलिश गोविन्द जोशीको सभाध्यक्षतामा भएको अन्तर्क्रिया कार्यक्रममा सशस्त्र प्रहरीका एसपी नेत्रबहादुर कार्कीलगायतको आतिथ्यता थियो ।

## ६ जनामा कोरोना भाइरस संक्रमण पुष्टि



साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ मकवानपुरमा थप ६ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

बुधबार २२ जनाको पिसीआर विधीबाट र २ जनाको एन्टीजेन विधीबाट परीक्षण गर्दा ६ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको हो ।

स्वास्थ्य कार्यालय मकवानपुरको अनुसार हाल मकवानपुर जिल्लामा १७ जना सक्रिय संक्रमित रहेको छन् ।

जसमध्ये १६ जना होम आईसोलेसनमा र १ जना संस्थागत आईसोलेसनमा रहेका छन् । जिल्लामा हालसम्म कोभिड १९ को पूर्ण मात्रा खोप ३ लाख २४ हजार ४ सय ८६ जनाले लगाएका छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरूः



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## २७ करोड ६४ लाखको गाडी किन्ने बागमती सरकारको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ साढे ४ वर्षको अवधिमा एक अर्ब १७ करोड रुपैयाँ भन्दा बढी सवारी साधन खरिद, मर्मत र इन्धनको लागि मात्रै खर्च गरेको बागमती प्रदेश सरकारले चालू आर्थिक वर्षमा पनि २७ करोड ६४ लाख २० हजार रुपैयाँको गाडी किन्ने तयारी गरेको छ ।

गठबन्धनमा भागवण्डाको लागि मन्त्रालय विभाजन गरेको प्रदेश सरकारले चालू आर्थिक वर्षमा २७ करोड ६४ लाख २० हजार रुपैयाँको गाडी किन्ने योजना बनाएको हो । प्रदेश सरकारले चालू आवमा सवारी साधन मर्मतसम्भारका लागि ७३ करोड ८५ लाख ५७ हजार रुपैयाँ छुट्याएको छ ।

सरकारले चालू आर्थिक वर्षमा सवारी साधन खरिद नगर्ने बताएपनि आन्तरिक रुपमा सवारीसाधन खरिद गर्नको लागि योजना बनाएको पाइएको छ । प्रदेश सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण प्रसाद खनालले सरकारको दैनिक कामकाजलाई सघाउ पुग्ने भएकाले आवश्यकताको आधारमा सरकारले सवारी साधनहरू खरिद गर्ने बताए । उनले पछिल्लो समय मन्त्रालय र प्रादेशिक संरचना बढेसँगै सवारी साधनको आवश्यकता बढी भएको उनले बताए । उनले संरचना बढ्दा सवारी साधन खरिद र सोको मर्मत तथा इन्धन खर्च बढ्नु स्वाभाविक भएको बताए ।

प्रदेश लेखा नियन्त्रक कार्यालयले दिएको जानकारी अनुसार प्रदेश सरकारले स्थापना भएको साढे ४ वर्षको अवधिमा सवारी साधन खरिद गर्ने, मर्मत गर्ने तथा ईन्धन हाल्नको लागि मात्रै एक अर्ब १७ करोड ७७ लाख ५ हजार ४८ रुपैयाँ खर्च गरेको थियो । प्रदेश सरकारले गत आर्थिक वर्ष २०७८/०७९ मा मात्रै सवारी साधन खरिद तथा मर्मत र इन्धनमा कुल ४७ करोड २६ लाख ६७ हजार रुपैयाँ खर्च गरेको छ ।

प्रदेश सरकारले मन्त्री, राज्यमन्त्री तथा मन्त्रालयका सचिव र महाशाखा प्रमुखहरूका लागि गत आर्थिक वर्षमा ३० करोड १० लाख ४९ हजार ४६९ रुपैयाँ बराबरको सवारी साधन खरिद गरेको प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाका सूचना अधिकारी होमनाथ रिजालले जानकारी दिए । उनका अनुसार प्रदेश सरकारका विभिन्न निकाय र कार्यालयले सवारी मर्मत बापत गत आर्थिक वर्षमा ८० करोड १ लाख १४ हजार ७४९ रुपैयाँ खर्चेको छ । प्रदेश सरकारका मन्त्री, राज्यमन्त्री र पदाधिकारीहरूले प्रयोग गर्ने सवारी साधनमा ९० लाख ३० हजार ८६४ रुपैयाँको इन्धन खर्च गरेको उनले बताए । त्यस्तै प्रदेश सरकारका निकायहरूको प्रयोजनका लागि गत आर्थिक वर्षमा ८ करोड २४ लाख ७२ हजार २३८ रुपैयाँ खर्च गरेको सूचना अधिकारी रिजालले बताए ।

यसअघि बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७७/०७८ मा १६ करोड २९ लाख ७ हजार रुपैयाँ सवारी साधन शीर्षकमा खर्च गरेको थियो । सरकारले आर्थिक वर्ष ०७६/७७ मा ५ करोड ४० लाख ५८ हजार रुपैयाँ र आर्थिक वर्ष २०७५/०७६ मा २६ करोड ४७ लाख ८३ हजार ४६४ रुपैयाँ बराबरको सवारी खरिद गरेको थियो ।

त्यस्तैगरि सरकारले आर्थिक वर्ष २०७८/०७९ मा ८ करोड १ लाख १४ हजार ७४९ रुपैयाँ सवारी मर्मतमा खर्च गरेको कार्यालयले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ । कार्यालयका सूचना अधिकारी रिजालले प्रदेश सरकारका पदाधिकारीले ०७५/०७६ मा १ करोड ६८ लाख ६१ हजार ६२६ रुपैयाँ बराबरको इन्धन खर्च गरेको जानकारी दिए । उनले कार्यालय प्रयोजनमा २ करोड ६ लाख ५६ हजार ८९६ रुपैयाँ, ०७६/०७७ मा पदाधिकारी तर्फ ३६ लाख ९० हजार ६३४ रुपैयाँ र कार्यालय प्रयोजनमा ५ करोड ३६ लाख १९ हजार १७७ रुपैयाँ इन्धन खर्च भएको बताए । पदाधिकारीका लागि आर्थिक वर्ष ०७७/०७८ मा ४५ लाख ९८ हजार ८६४ रुपैयाँ इन्धन शीर्षकमा खर्च भएको छ भने कार्यालय प्रयोजनमा ६ करोड ५४ लाख १३ हजार ४३१ रुपैयाँ खर्च भएको उनको भनाइ छ ।

आर्थिक वर्ष २०७८/०७९ मा भने पदाधिकारीतर्फ इन्धन खर्च ९० लाख ३० हजार ८६४ रुपैयाँ र कार्यालय प्रयोजनमा ८ करोड २४ लाख ७२ हजार २३८ रुपैयाँ खर्च भएको छ ।

त्यसैगरी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ मा ३ लाख २५ हजार ६६१ रुपैयाँ सवारी साधन भाडा खर्च बापत भुक्तानी गरेकोछ । आर्थिक वर्ष २०७६/०७७ मा भने सवारी साधन भाडा बापत १ लाख ६६ हजार २५० रुपैयाँ, आर्थिक वर्ष २०७७/०७८ मा ३३ हजार ९०० र गत आर्थिक वर्षमा पनि सोही अनुपातमा सवारी साधन भाडा बापत खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

**ADMISSION OPEN**

**10+2**
**SCIENCE**
**HOTEL MANAGEMENT**
**MANAGEMENT**
(Both for the Morning & the Afternoon Session)



Foundation Classes for Medical and Engineering
New attraction for Science students

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"

Contact: 057-524701, 057-524711

Hetauda-4, Makawanpur
info@hsm.edu.np
@hsm.edu.np

www.hsm.edu.np

साझाकुरा

## हाम्रो कुरा

# शिशु स्वास्थ्यका लागि स्तनपान

प्रत्येक वर्ष अगस्त १ मा विश्व स्तनपान दिवस र अगस्त ७ सम्म स्तनपान सप्ताह मनाइन्छ । सन् १९९२ देखि सुरु भएको स्तनपान सप्ताह नेपालमा स्वास्थ्य मन्त्रालयले सरकारीस्तरमा विभिन्न कार्यक्रम गरी मनाउने गरेको छ । स्वास्थ्य क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाले पनि स्तनपान सप्ताह मनाउने गर्दछन् । यस वर्षको स्तनपान सप्ताहको नारा 'स्तनपानमा अग्रसर हुनका लागि ज्ञान दिऔं र समर्थन गरौं' रहेको छ । जन्मिनेबित्तिकै स्तनपान गर्न पाउनु प्रत्येक नवजात शिशुको नैसर्गिक अधिकार हो । जन्मिएको ६ महिनासम्म शिशुलाई अनिवार्य आमाको दूध खुवाउनुपर्छ भन्ने सन्देश प्रवाह गर्न यो दिवस महत्वपूर्ण मानिन्छ । त्यसो त शिशुलाई २ वर्षसम्म निरन्तर आमाको दूध खुवाए उनीहरुको बौद्धिक र शारीरिक विकास हुनुका साथै स्वस्थ हुने चिकित्सकहरुको भनाइ छ ।

स्तनपान भनेको आमाले शिशुलाई जन्म दिएपछि आफ्नो स्तनबाट निस्कने प्राकृतिक दूध चुसाउने क्रिया हो । गर्भधारणको प्रक्रियासँगै आमाको स्तनमा दूध बहन थालेको हुन्छ । पहिलो बिगौति दूध बच्चाको लागि अमृतसमान हुन्छ, जसले बच्चामा धेरै रोगहरूसँग लड्नसक्ने प्रतिरोधात्मक क्षमता बढाउँदछ । नवजात शिशुमा रोग प्रतिरोधात्मक शक्ति हुँदैन, उनीहरुले आमाको दूधबाट यो शक्ति प्राप्त गर्दछन् । आमाको दूधलाई पहिलो खोप मानिन्छ । आमाको दूधमा रोगनाशक तत्वहरु हुन्छन् । आमाको दूधमा लेक्टोफोर्मिन नामको पोषक तत्व हुन्छ, जसले शिशुहरूको शरीरमा फलाम तत्व दिन्छ । आमाको दूधबाट आएका साधारण जीवाणुहरुले शिशुको शरीरमा उब्जने बिभिन्न रोगसँग प्रतिरोध गरेर उनीहरूको रक्षा गर्दछन् । ६ महिनामुनिका शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्व आमाको दूधमै पर्याप्त हुने देखिए पनि चेतना अभावले शिशुहरु आमाको दूध खान वञ्चित भइरहेका छन् । केही मानिसमा स्तनपान गराउँदा सौन्दर्यमा ह्रास आउने, शरीरको तौल घट्ने, स्तनको आकार बिग्रने आदि गलत धारणाहरु रहेको पाइए पनि यो सत्य भने होइन । आधुनिक विज्ञानले यी धारणाहरुलाई गलत पुष्टि गरिसकेको छ । नियमित र निश्चित अवधिसम्म गराइएको स्तनपानले शिशुको उपचार र खाना खर्चमा ५० प्रतिशतले बचत हुने गरेको विभिन्न अध्ययनहरुले देखाएको छ । शिशुलाई स्तनपान गराउँदा आमालाई आत्मीयता र भावनात्मक सुखानुभूति हुनुका साथै गौरव महशुस हुन्छ । त्यसैगरी उनले मानसिकरूपमा आफू स्वस्थ भएको अनुभूति गर्ने हुनाले उनलाई आत्मसन्तुष्टिसमेत प्राप्त हुन्छ ।

शिशुहरूका लागि आमाको दूध उत्तम आहारमात्र हैन, यो जीवनरक्षक आहार पनि हो । स्तनपानले आमा र शिशुको स्वास्थ्यमा अत्यन्त सकारात्मक प्रभाव पार्दछ । आमाको दूध सुपाच्य हुन्छ र यसले शिशुको पेट गडबड हुने डर हुँदैन । आमाको दूध शिशुको नाक र घाँटीमा प्रतिरोधी तह बनेर बस्दछ । यसले रोग प्रतिरोधक क्षमता बढाउन पनि सहायता गर्दछ । विश्वका विभिन्न देशहरूले स्तनपानका लागि प्रोत्साहन गरेका हुन्छन् । हाम्रो देशले पनि स्तनपानलाई शिशुको महत्वपूर्ण अधिकारका रुपमा सुरक्षित गर्दै बट्टाको दूध शिशुलाई खुवाउन पूर्णरुपमा कानूनी प्रतिबन्ध लगाउनु आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन २० गते शुक्रबार ५ अगष्ट २०२२ । श्रावण शुक्लपक्ष अष्टमी । गुँलाथ्व ११४२ । सूर्योदय: ५:२९, सूर्यास्त: ६:४८ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दाम कमाउने बेला छ | तुला | : दाम्पत्य जीवन सुखद बन्नेछ |
| वृष | : प्रयत्न निरर्थक हुनेछ | वृश्चिक | : धार्मिक कार्यले फाइदा हुनेछ |
| मिथुन | : पढाइमा प्रगति हुनेछ | धनु | : मन खिन्न बनाउन सक्छ |
| कर्कट | : उपचारमा खर्च हुनेछ | मकर | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| सिंह | : लेनदेनमा विवाद हुनेछ | कुम्भ | : प्रेमको बन्धन कसिन सक्नेछ |
| कन्या | : स्वास्थ्यमा कमजोरी हुनेछ | मीन | : चुनौतीहरु देखा पर्न सक्नेछ |

# रेडपान्डा संरक्षणका लागि: हिमाली संरक्षण मञ्च

दिलकुमार लिम्बू

**लोपोन्मुख अवस्थामा रहेको दुर्लभ रेडपान्डा संरक्षणका लागि 'रेडपान्डा नेटवर्क'ले विभिन्न संघसंस्थासँगको सहकार्यमा विद्यालयमा पठनपाठन गराउँदै आएको छ । हाब्रे संरक्षणमा क्रियाशील सो नेटवर्कले वातावरण संरक्षणसम्बन्धी पाठ्यपुस्तक तयार गरेर विभिन्न विद्यालयमा अध्ययनअध्यापन गर्दै आएको हो ।**

पहाडदेखि अलि माथि लेकाली क्षेत्रहरूमा अहिले मालिङ्गोहरूको टुसा पलाउन थालेको छ । दुर्लभ जनावार रातो हाब्रे (रेडपान्डा) को आहारा मालिङ्गोले मुना बलाउन थालेसँगै रेडपान्डाका पोथीले बच्चा जन्माउने र बच्चा हुर्काउने समय सुरुआत भएको छ । यो समय भनेको रेडपान्डाको बच्चा हुर्काउने समय हो ।

रेडपान्डाले शान्त ठाउँमा बस्न मन पराउँछ । मानव तथा अन्य जनावरले अशान्ति गरेको मन पराउँदैन । त्यसैले ताप्लेजुङको केही सामुदायिक वनहरूले सार्वजनिक सूचना जारी गरेरै दुर्लभ मानिने रेडपान्डा पाइने क्षेत्रका जंगलमा प्रवेशमा रोक लगाएको छ । साउनदेखि असोजसम्म जंगलमा पस्न र घाँस दाउरासमेत ल्याउन नपाइने गरी जंगल पस्न रोक लगाइएको छ ।

रेडपान्डाले बच्चा हुर्काउने समय भएकाले जंगलमा होहल्ला भएमा माउले बच्चा छोडेर हिँड्ने खतरा हुने भएकाले यस्तो सूचना जारी गरिएको पाथीभरा क्षेत्रको देउराली भित्री सामुदायिक वनभित्र प्रवेश निषेध गरिएको समुदायिक उपभोक्ता समितिले जनाएको छ । उपभोक्ता समितिका अध्यक्ष निमा कृपा शेर्पाका अनुसार रेडपान्डाले अशान्त माहोलबाट बच्चा जोगाउन अन्यत्रै लिएर हिँड्न खोज्ने, ठाउँ सार्न खोज्ने र सम्हाल्न नसके छोडेर अन्यत्रै जान्छ । यसबाट स्याहार नपुगेर बच्चाको मृत्यु पनि हुन सक्छ ।

जेठ अन्तिमदेखि साउनभर रेडपान्डाले बच्चा जन्माउँछ । त्यसपछिका दुई महिना नियमित हेरचाह गरेर हुर्काउँछ । यो अवधिमा कुनै अवरोध नभए बच्चाहरू सहजै हुर्कन्छन् । त्यसैले यो अवधिलाई विशेष महत्वका साथ हेरिने रेडपान्डासम्बन्धी काम गर्दै आएको संस्था हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राई बताउनुभयो । सामान्यतया एक सय ३५ दिनको गर्भाधारणपछि बच्चा जन्माउने रेडपान्डाले पुसदेखि फागुनसम्म गर्भाधारण गर्छ । गर्भवती भएको अवस्थामा ठूलो रूखको प्वाल खोजेर जन्माउने र हुर्काउने ठाउँ बनाउँछ । मेहनत गरेर बनाउने भएकाले बिनाअवरोध त्यहीँ हुर्काउन पाए बच्चालाई दूध चुसाएरै हुर्काउने भएकाले तीन महिना मात्रै राम्रो वातावरण पाए बच्चा सहजै हुर्कने रेडपान्डा संरक्षाकर्मीहरूको भनाइ छ ।

लजालु स्वभावको रेडपान्डा यो अवधिमा चलायमान हुन्छ । खानेकुरा खोज्न गुँडबाहिर निस्कन्छ । आफूलाई असुविधा महसुस भए ठाउँ सार्ने गर्छ । सन् १९८९ मा लाङटाङ राष्ट्रिय निकुञ्जमा गरेको अध्ययनअनुसार ८६ प्रतिशत रेडपान्डाको बच्चा अवस्थामै मृत्यु हुने गरेको तथ्याङ्कले देखाएको छ । गाडीको हर्न बजे, घाँस दाउरा गर्दा ठूलो आवाजले कराए, रूखको हाँगा खसाले वा रूख काटेमा रेडपान्डा त्रसित हुने गर्छ । त्यस्तो अवस्था आए बच्चा सार्नेतिर लाग्छ । सार्न थालेपछि बच्चाका लागि उपयुक्त वातावरण दिन नसक्ने भएकाले मृत्यु पनि हुन सक्छ । कुकुरबाट पनि जोखिम हुन्छ । कुकुर नियन्त्रणका लागि बर्सेनि बन्ध्याकरण शिविर सञ्चालन गरिरहेको हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक राईले बताउनुभयो ।

मालिङ्गोको टुसा, टेङ्गाको दाना, भालुचिण्डेजस्ता वस्तु खाएर बाँच्ने यसले गुँड बनाउँदा आफूले खाने आहारालाई पनि ध्यान दिएको हुन्छ । यो बेला प्राकृतिक रूपले सबै आहारा पाउने समय भएकाले बाँच्नै समस्या भने हुँदैन । ताप्लेजुङमा एक सय ३५ भन्दा बढी संख्यामा रेडपान्डा रहेको अनुमान गरिएको मञ्चको तथ्याङ्क छ । रेडपान्डा मुलुकका ताप्लेजुङ, पाँचथर र इलामका वनहरूमा धेरै पाइन्छ । विभिन्न समयमा गरिएको सर्वेक्षणअनुसार मुलुकभर यसको संख्या तीन सयको हाराहारीमा रहेका छन् ।

***विद्यार्थीलाई पढाइँदैछ रेडपान्डा संरक्षण***

लोपोन्मुख अवस्थामा रहेको दुर्लभ रेडपान्डा संरक्षणका लागि 'रेडपान्डा नेटवर्क'ले विभिन्न संघसंस्थासँगको सहकार्यमा विद्यालयमा पठनपाठन गराउँदै आएको छ । हाब्रे संरक्षणमा क्रियाशील सो नेटवर्कले वातावरण संरक्षणसम्बन्धी पाठ्यपुस्तक तयार गरेर विभिन्न विद्यालयमा अध्ययनअध्यापन गर्दै आएको हो ।

हाब्रे पाइने ताप्लेजुङ, पाँचथर र इलाम गरी २८ विद्यालयमा रातो हाब्रेका विषयमा पठनपाठन भइरहेको रेडपान्डा संरक्षणसम्बन्धी काम गर्दै आएको हिमाली संरक्षण मञ्च ताप्लेजुङका कार्यक्रम संयोजक रमेश राईले जानकारी दिनुभयो । कक्षा ६ र ७ मा पठनपाठन सुरुआत गरिएको हो । विद्यालयस्तरबाटै वातावरण संरक्षणको चेतना जगाउन स्थानीय पाठ्यसामग्री तयार पारिएर अध्ययन हुँदै आएको उहाँले बताउनुभयो ।

ताप्लेजुङ, इलाम र पाँचथरका वातावरण, भौगोलिक अवस्था, मानवीय अवस्थाको विषय समेटिएर तयार पारिएको पाठ्यक्रम भएकाले स्थानीय परिवेश बुझ्न पनि मद्दत पुग्ने विश्वास गरिएको छ । कक्षा ६ को पुस्तकमा संरक्षण, संरक्षित क्षेत्र र संरक्षणका स्थानीय अभ्यास, हाब्रे, मानव र वन्यजन्तुबीचको द्वन्द्व र न्यूनीकरणका अभ्यास, संस्कार, संस्कृति र पर्यटनसम्बन्धी पाठ्यसामग्री समावेश गरिएको छ ।

कक्षा ७ को पुस्तकमा पूर्वी हिमाल, जैविक विविधता, संरक्षणसम्बन्धी ऐन, कानुन, प्राकृतिक स्रोतमा आधारित जीविकोपार्जनका अभ्यास र जलवायु परिवर्तन शीर्षकका छन् । ती विद्यालयमा बाल क्लब बनाएर यसअघिदेखि नै वातावरण संरक्षणसम्बन्धी ज्ञान दिइँदै आए पनि त्यति प्रभावकारी हुन नसकेपछि स्थानीयस्तरमै पाठ्यक्रम तयार पारी लागू गरिएको रेडपान्डा नेटवर्कले जनाएको छ ।

लोपोन्मुख हाब्रेको संरक्षण २०६३ देखि हुन थालेको हो । ताप्लेजुङ, पाँचथर र इलाम जिल्लामा करिब दुई सयको हाराहारीमा हाब्रे रहेको अनुमान गरिएको छ । इलाममा उच्च पहाडी संरक्षण संस्था नेपाल, पाँचथरमा दीपज्योति युवा क्लब र ताप्लेजुङमा हिमाली संरक्षण मञ्चले हाब्रे संरक्षण गर्दै आएका छन् । हाब्रे उच्च हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने गर्दछ । विशेषगरी मालिङ्गोका पात र तामा खाने गर्दछ । रेडपान्डा नेपाल, चीन, म्यान्मा, भूटानलगायत देशमा पाइने भए पनि यिनीहरूको संख्या दिनानुदिन घट्दै गएको मञ्चका सचिव विवश केंदेमले जानकारी दिनुभयो । नेपालमा दुई हजार पाँच सयको हाराहारीमा हाब्रे हुन सक्ने उहाँको भनाइ छ ।

यो एक हजार आठ सयदेखि चार हजार आठ सय मिटर उचाइका क्षेत्रमा पाइने गर्छ । खासगरी गुराँस र बाँस प्रशस्त भएको समशीतोष्ण पतझड र कोणधारी जंगल क्षेत्रमा बसोबास गर्ने गर्दछ । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आइयुसिएन)ले हाब्रेलाई सन् १९९६ देखि सङ्कटापन्न जीवको सूचीमा राखेको छ ।

विभिन्न कारणले गर्दा हाब्रेको संख्या दिनानुदिन घटिरहेको छ । यसको प्राकृतिक बासस्थान निरन्तरको विनाश, निगालो र बाँसजन्य जंगल अभाव, कम प्रजनन क्षमता, कम जन्मदर तर उच्च मृत्युदर, अत्यन्तै कमजोर शरीर, चोरीसिकारी, डढेलो लगायतका कारण हाब्रेका लागि चुनौती बनिरहेका छ । तीव्र रूपमा भइरहेको वनजंगलको विनाश र अवैध चोरी-सिकारीको कारणले गर्दा हाब्रे सङ्कटमा परिरहेको छ ।

हाब्रेको सिकार निषेधित भए पनि तस्करले यसको लुकीछिपी सिकार गर्ने गर्छन् । नेपालले पनि रेडपान्डालाई संरक्षित जीवका रूपमा सूचीकृत गरेको छ । सरकारको पछिल्लो सर्वेक्षणले रेडपान्डा २३ जिल्लामा पाइने यकिन भएको छ । रेडपान्डा नेटवर्कले ३५ जिल्लामा एक महिना लगाएर गरेको सर्वेक्षणले मुलुकको पश्चिमी क्षेत्रमा हाब्रेको बढी बासस्थान रहेको पहिचान गरेको छ । ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, सोलोखुम्बु, खोटाङ, भोजपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, लमजुङ, म्याग्दी, बागलुङ, रोल्पा, रुकुम, जाजरकोट, जुम्ला, मुगु र कालीकोटमा हाब्रेको उपस्थिति रहेको देखिएको छ ।

***रेडपान्डा जोगाउन कुकुरको बन्ध्याकरण***

विश्वमै दुर्लभ वन्यजन्तुको सूचीमा रहेको रेडपान्डा संरक्षण गर्न ताप्लेजुङमा कुकुरको बन्ध्याकरण गरिँदै आएको छ । कुकुरको आक्रमणबाट रेडपान्डा असुरक्षित बन्दै गएको पाइएपछि कुकुरको बन्ध्याकरण अभियान थालिएको हो । रेडपान्डा पाइने क्षेत्र वा बासस्थान नजिकका गाउँघरमा रहेका घरपालुवा तथा सामुदायिक कुकुरबाट रेडपान्डामाथि आक्रमण हुने गरेको छ । कुकुरको आक्रमणका कारण दुर्लभ रेडपान्डाको अस्तित्व थप संकटमा पर्दै गएपछि रेडपान्डा संरक्षण गर्ने उद्देश्यले कुकुर नियन्त्रण गर्न बन्ध्याकरण अभियान थालिएको हो ।

रेडपान्डाको संरक्षणमा क्रियाशील संस्थाहरू रेडपान्डा नेटवर्कको सहयोगमा हिमाली संरक्षण मञ्चले कुकुरको बन्ध्याकरण अभियान थालेका हो । रेडपान्डाको संरक्षण गर्नलाई कुकुर नियन्त्रण गर्न आवश्यक देखिएपछि स्थानीय तहसँग समन्वय गरेर विगत छ वर्ष अघिदेखि नै बन्ध्याकरण अभियान थालेको हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राईले बताउनुभयो । रेडपान्डा नेटवर्कको आर्थिक सहयोगमा सुरु गरिएको अभियानअन्तर्गत हालसम्म करिब ८५ वटा कुकुरको बन्ध्याकरण गरिएको राईले जानकारी दिनुभयो ।

उहाँका अनुसार गएको आर्थिक वर्षमा मात्र नौवटा कुकुरको बन्ध्याकरण गरिएको थियो । अभियानअन्तर्गत नै चालु आर्थिक वर्ष २०७८/८९ मा कम्तीमा १८ वटा कुकुरको बन्ध्याकरण गर्ने योजना रहेको हिमाली संरक्षण मञ्चले जनाएको छ । बन्ध्याकरणसँगै कुकुरलाई रेबिजविरुद्ध खोप र भिटामिन पनि खुवाउन थालिएको छ । कुकुरलाई दिइने खोप र भिटामिनले पनि रेडपान्डा संरक्षणमा सघाउ पुग्ने मञ्चले जनाएको छ ।

कार्यक्रम संयोजक राईका अनुसार कुकुरको शरीर स्वस्थ्य भई मोटाउने र भद्दा हुने भएपछि सिकार गर्न नरुचाउने हुँदा रेडपान्डा संरक्षणमा सहयोग पुग्नेछ । रेडपान्डा पाइने नजिक क्षेत्रका गाउँमा रहेका कुकुर र बिरालो समेतलाई रेबिजविरुद्धको खोप लगाउनाका साथै भिटामिन खुवाउन थालिएको राईले बताउनुभयो । उहाँका अनुसार गत हप्ता मात्र चार सय १४ वटा कुकुर र १९ वटा बिरालोलाई रेबिज रोगविरुद्ध खोप र भिटामिन उपलब्ध गराइएको छ ।

रेडपान्डा पाइने जिल्लाको मिक्वाखोला गाउँपालिका-५ र ६ फाकुम्बामा ५३ कुकुरलाई रेबिज रोगविरुद्धको खोप लगाएको र उक्त कुकुरलाई भिटामिन पनि खुवाइएको छ । पाथीभरा याङ्वरक गाउँपालिका-२ थेचम्बु र ३ तिरिङ्गेमा ६६, सिरिजङ्गा गाउँपालिका-३ सिकैँचा-७ खेबाङ र ८ याम्फुदिन क्षेत्रमा एक सय ६३ कुकुरलाई रेबिजविरुद्ध खोप र भिटामिन दिइएको छ ।

यस्तै सिदिङ्वा गाउँपालिका-१ कालीखोलामा १६ वटा कुकुर, फुङ्लिङ नगरपालिका-१० फुरुम्बो र ११ फावाखोलामा ९६ वटा कुकुरलाई खोप र भिटामिन दिएको मञ्चले जनाएको छ । उक्त क्षेत्रमा केही बिरालोहरूलाई पनि रेबिजविरुद्ध खोप लगाएको र भिटामिन खुवाएको हिमाली संरक्षण मञ्चका सचिव विवश केंदेमले जानकारी दिनुभयो । केदेमका अनुसार रेबिज रोगविरुद्ध खोप लगाएको र भिटामिन खुवाएका अधिकांश कुकुर घरपालुवा छन् भने केही सामुदायिक कुकुर रहेका छन् । मञ्चले सङ्कलन गरेको तथ्याङ्कअनुसार ताप्लेजुङमा करिव एक सय ३४ रेडपान्डा रहेको अनुमान छ ।

**रेडपान्डा अनुसन्धान केन्द्र बन्दै**

ताप्लेजुङको फुङ्लिङ नगरपालिका-९ पाथीभरा क्षेत्रस्थित देउराली सामुदायिक वनमा रेडपान्डा अध्ययन तथा अनुसन्धान केन्द्र बन्ने भएको छ । हिमाली संरक्षण मञ्चको सहजीकरण तथा रेडपान्डा नेटवर्कको आर्थिक सहयोगमा सो केन्द्रको भवन निर्माण हुँदै गरेको मञ्चका कार्यक्रम संयोजक रमेश राईले बताए । जैविक विविधता तथा वन्यजन्तुको अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले निर्माण हुन लागेको केन्द्रको भवनको कूल लागत रु एक करोड ५७ लाख रहेको छ ।

काठमाडौँस्थित एसएनपी निर्माण व्यवसायीले निर्माण गरिरहेको सो भवनको अंग्रेजी अक्षर एल आकारको जग बसेको छ । वातारणमैत्री भवन भएकाले जैविक सामग्री प्रयोग गरिएको छ । निर्माण व्यवसायी संस्था एसएनपीका साइट सुभरभाइजर अमृत भट्टराईका अनुसार यो स्रोत केन्द्र बनाउँदा प्रयोग भएका सबै कच्चापदार्थ वातावरणमैत्री र स्थानीय उत्पादनका सामग्री छन् ।

गोबर, खरानी, अण्डाको खोल, शुद्ध तोरीको तेल, चुना, माटो, परालको टुक्रालाई मुछेर स्रोत केन्द्रको निर्माणमा प्रयोग गरिएको छ । उल्लिखित सामग्रीको मिलानले संरचना वातावरणमैत्री बन्नाका साथै बलियो, टिकाउ र मौसम अनुकूलित प्रकृतिको हुने उहाँले बताउनुभयो । नेपालमा यस्ता कमै संरचना रहेको र त्यो तहको संरचना हिमाली जिल्ला ताप्लेजुङमा पनि बन्न लागेकामा यो पूर्वी नेपालकै लागि गौरवकै विषय भएको उहाँको भनाइ छ ।

विसं २०७६ मङ्सिरदेखि भवनको निर्माण सुरु भएको हो । गत असार मसान्तमा सम्पन्न हुनुपर्नेमा कोरोना महामारीका कारण लामो समयको लकडाउनले तोकिएको समयमा पूरा गर्न नसकिएको साइट सुभरभाइजर भट्टराईले बताउनुभयो । भवन निर्माणको कार्य ९५ प्रतिशत सम्पन्न भएको छ । देउराली भित्री वन सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष निमा कृपा शेर्पाले भवन बनेपछि वन र वन्यजन्तुको संरक्षणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

स्थानीय स्तरमा भएको जैविक विविधता संरक्षणलगायत वातावरणमैत्री सेवाको प्रवर्द्धन तथा सदुपयोग गर्न, पर्यापर्यटन व्यवसाय सञ्चालन गरी वन उपभोक्ता समूहको आयआर्जनका स्रोत स्थापित गर्न तथा महत्वपूर्ण जडीबुटी, रेडपान्डा र संरक्षित जंगली जनावर, पक्षी र दुर्लभ प्रजातिको प्रदर्शनी थलो बनाउन केन्द्र प्रभावकारी हुने उनको भनाइ छ । मञ्चका सचिव विवस केंदेमले पाथीभरा क्षेत्र रेडपान्डाका लागि उपयुक्त वासस्थान भएको क्षेत्र भएकाले यो केन्द्रलाई अध्ययन तथा अनुसन्धान केन्द्रका रूपमा विकास गरिने बताउनुभयो ।

***रेडपान्डाका लागि दुई करोड बजेट***

हिमाली संरक्षण मञ्चले रेडपान्डा संरक्षण अभियानका लागि ताप्लेजुङमा रु दुई करोड दुई लाख बजेट रहेको बताइएको छ । रेडपान्डा नेटवर्कको सहयोगमा हिमाली संरक्षण मञ्चले २०२२ को जनवरीदेखि डिसेम्बरसम्मको अवधिमा उक्त रकम चारवटा शीर्षकमा खर्च गरिने जनाएको छ । मञ्चका कार्यक्रम संयोजक रमेश राईले अनुसन्धान तथा अनुगमन, शिक्षा तथा जनचेतना, दिगो जीविकोपार्जन र पर्यापर्यटन प्रवर्धन शीर्षकमा खर्च हुने बतानुभयो ।

जिल्लाको एक नगरपालिका र आठ गाउँपालिकामध्ये आठराई त्रिवेणी गाउँपालिकाबाहेक सबै पालिकाको वडामा कार्यक्रम कार्यानवयन हुने मञ्चले जनाएको छ । रेडपान्डा नेटवर्कले ताप्लेजुङ सहित पाँचथर र इलाममा पनि कार्यक्रम सञ्चालनमा छ । -रासस

# नागरिकमा बिमाको पहुँचको सार्थकता



सुदर्शन अधिकारी

राज्यले बिमा क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गरेको भने पनि हालसम्म जम्मा ३५ प्रतिशत नागरिकले मात्र बिमाको पोलिसीअन्तर्गत बिमा गरेका छन् । यसभित्र वैदेशिक रोजगारीमा गएका नागरिकलाई पनि समावेश गरिएको छ । बिमा समितिको प्रतिवेदनअनुसार जेठको अन्त्यसम्म २५ प्रतिशत मात्र बिमाअन्तर्गत समेटिएका छन् । पछिल्ला वर्षहरूमा नागरिकमा बिमासम्बन्धी ज्ञान बढेको हुनाले बिमाप्रति मानिस उत्साहित भएका देखिन्छन् । हाल देशमा १९ वटा जीवन बिमा, २० वटा निर्जीवन बिमा र २ वटा पुनर्बिमा कम्पनी सञ्चालनमा रहेका छन् । विभिन्न बिमा कम्पनीहरूले ३ हजार २ सय ७९ वटा कार्यालयमार्फत बिमा सेवा दिँदै आएका छन् । जेठ मसान्तसम्म जीवन बिमा र निर्जीवन बिमाअन्तर्गत ९० अर्ब रुपैयाँ जम्मा गरेको बिमा समितिले जनाएको छ ।

पछिल्ला वर्षहरूमा बिमासम्बन्धी चेतना विस्तार गर्न विभिन्न प्रशिक्षण तथा प्रचारप्रसार बढाइएकाले बिमा कार्यक्रममा नागरिकको सहभागिता बढेको देखिन्छ । यही क्रमले बिमा गर्नेहरूको मात्रा बढेमा आगामी वर्षमा ४० प्रतिशत पुग्ने अनुमान गरिएको छ । बिमा क्षेत्रको दायरा विस्तार गर्नका लागि हरेक प्रदेशमा प्रादेशिक कार्यालय खोल्ने तयारी पनि बिमा समितिले गरेको छ । पहिलो चरणमा मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशमा कार्यालय खोल्ने नीति लिइएको छ । बिमा समितिका अनुसार कोरोना बिमाअन्तर्गत कम्पनीहरूले १० अर्ब ५० करोड रकम दिन बाँकी छ । यसलाई हेर्दा १ लाख ५ हजार बिमितले अझै भुक्तानी पाएका छैनन् । बिमाका धेरै फाइदा पनि रहेका छन् । यसबाट बचत गर्ने बानीको विकास हुन्छ भने परेको बखतमा सुलभ ब्याजदरमा ऋणसमेत लिन पाइन्छ ।

हरेक हिसाबले बिमाको योजनामा सहभागी रहनु सकारात्मक देखिन्छ । आर्थिक विकासमा बिमा व्यवसायले खेलेको भूमिकालाई दुई कोणबाट हेर्न सकिन्छ । ती छन्- जीवन बिमा र निर्जीवन बिमा । जीवन बिमाको कोणबाट नियाल्दा बिमा व्यवसायले व्यक्ति वा परिवारको बिमित व्यक्तिको मृत्यु भएमा उसलाई बिमा लेखमा उल्लेख भएअनुसारको क्षतिपूर्ति उपलब्ध गराउँछ, जसबाट बाँकी परिवारले जीवनयापनका लागि केही स्रोत पाउँछन् । यो जीवन बिमाको पहिलो प्रभाव हो ।

दोस्रो, बिमित व्यक्तिको असामयिक निधन नभएमा बिमालेख परिपक्व हुनासाथ बिमित व्यक्तिले बिमालेखमा उल्लेख भएअनुसारको रकम एकमुस्ट प्राप्त गर्न सक्छ, जुन रकमले बिमित व्यक्तिले धेरै कार्य गर्न सक्छ । तेस्रो, जीबन बिमा गर्दा व्यक्तिले प्रिमियम दाखिला गर्नुपर्ने भएकाले अनिवार्य रूपमा बचत गर्ने बानीको विकास हुन्छ । चौथो, जीवन बिमा गरिएको छ भने बिमा लेख धितोमा राखेर कर्जासमेत लिन सकिन्छ । यसले साना-साना आर्थिक आवश्यकता पूरा गर्न सहयोग गर्छ । पाँचौं, स्वास्थ्य बिमा गरिएको छ भने बिरामी पर्दा आइलाग्ने धेरै खर्चबाट व्यक्तिलाई पर्ने आर्थिक भार कम हुन्छ । छैटौं, जीवन बिमा गर्नु सभ्यता, आधुनिकता र दूरदर्शिताको प्रतीकसमेत हो । जिवन बिमा गर्ने व्यक्तिको समाजमा पृथक् र सम्मानजनक स्थान रहन्छ । यसले सामाजिक प्रतिष्ठा वृद्धि गराउँछ ।

यावसायिक जीवनमा बिमाको अझ ठूलो महत्त्व छ । निर्जीवन बिमाले व्यवसायीलाई हुने आकस्मिक वित्तीय जोखिमबाट जोगाउँछ । उदाहरणका लागि अग्नि र तारा एयरलाइन्सको २०६७ सालमा भएको दुर्घटनामा ती विमानहरूको बिमा नगरिएको भए दुवै एयरलाइन्स आर्थिक रूपले संकटग्रस्त भइसक्थे । त्यसैले व्यावसायिक जीवनमा बिमाको पहिलो महत्त्व- यसले व्यवसायलाई भविष्यमा पर्न सक्ने सम्भावित आर्थक जोखिमको प्रभावबाट जोगाउँछ । दोस्रो, बिमा गरेपछि कतिपय आर्थिक जोखिम कम भएपछि व्यवसायीले तनावरहित भई कार्य गर्न पाउँछ, जसबाट उत्पादकत्वमा सकारात्मक प्रभाव पर्न गई आर्थिक क्रियाकलाप विस्तार हुन्छ ।

तेस्रो, बिमा व्यवसायले कृषि, उद्योग, खनिज आदि क्षेत्रको जोखिम कम गर्न सहयोग गर्छ, जसबाट लगानीकर्ता आकर्षित भई पुँजी वृद्धि हुन जान्छ । चौथो, अर्थतन्त्रमा बिमा व्यवसाय बढ्दै गएमा अप्रत्यक्ष रूपमा उपभोग कटौती भई राष्ट्रिय बचतको भाग पनि बढ्छ, जुन नेपालजस्तो अल्पविकसित देशका लागि अति नै जरुरी देखिन्छ । पाँचौं, अर्थतन्त्रमा लगानीमैत्री वातावरण सिर्जना गर्नका लागि औद्योगिक श्रमसम्बन्ध, सरकारी नीति, कच्चा पदार्थको उपलब्धता र बजारको पहुँचजस्ता विविध तत्त्वको आवश्यकता पर्छ । लगानीमैत्री वातावरणको अर्को पूर्वसर्त भनेको उपयुक्त मात्रामा अर्थतन्त्रमा बिमा व्यवसायको विकास हुनु पनि हो । त्यसैले बिमा व्यवसायले अर्थतन्त्रमा लगानीमैत्री वातावरण निर्माण गर्न सहयोग गर्छ ।

नेपाली अर्थतन्त्र दोधारे चरित्रको रहेको छ । सहर, बजार, संस्थागत क्षेत्र र औद्योगिक गतिविधिबाट टाढा रहेको ग्रामीण र कृषिक्षेत्र पनि नेपाली अर्थतन्त्रको एउटा महत्त्वपूर्ण अंग हो ।

-बाँकी ३ पेजमा...

# भक्तपुर-धुलिखेल सडक विस्तारको प्रक्रिया थालियो

काभ्रेपलाञ्चोक, १८ साउन (रासस)/ अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको सडक विस्तार गर्न प्रक्रिया थालिएको छ । यसका लागि सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाले विस्तृत अध्ययन प्रतिवेदन (डिपीआर) थालेको छ ।

आयोजनाले डिपीआरसँगै सडकको डिजाइनसमेत गरिरहेको जनाएको छ । उसले डिपीआर र सडकको डिजाइनको काम सम्पन्न भएलगत्तै बोलपत्रको तयारी गर्ने भएको हो । आयोजनाले सूर्यविनायक-धुलिखेल सडक विस्तारका लागि यही साउन पहिलो साता राजमार्ग छेउछाउमा सडक मापदण्डभित्रका संरचना हटाउन ३५ दिने सार्वजनिक सूचना जारी गरिसकेको छ ।

सूर्यविनायक-धुलिखेल सडक विस्तारका लागि ‘कन्सल्टचान्ट हायर’ गरी डिपिआर थालिएकोआयोजनाका डिभिजन इञ्जिनियर शम्भुप्रसाद आचार्यले जानकारी दिए । “सडकको डिजाइनको काम भइरहेको छ, डिपिआर र डिजाइनको काम सकेलगत्तै बोलपत्रको प्रक्रियामा जानेछौँ”, उनले भने । उनका अनुसार सूर्यविनायक-धुलिखेल सडक विस्तारका लागि चालु आर्थिक वर्षमा ७० करोड बजेट विनियोजन भएको छ । सूर्यविनायक-धुलिखेल सडक विस्तार आयोजना बहुवर्षीय हो ।

छ लेनको डिजाइन हुने उक्त सडक निर्माणको काम सरकारले गर्ने भएको हो । सडक विभागले केही वर्षदेखि धुलिखेलदेखि बनेपाहुँदै भक्तपुरसम्म सडकको चाप बढिरहेकाले उक्त सडकखण्ड विस्तारका लागि यसअघि नै प्रक्रिया थालेको थियो । उक्त सडक विस्तारका लागि सकेसम्म लगानीकर्ता खोजिने, नभए सरकार आफैँले निर्माण गर्ने जनाउँदै आइएको थियो । उक्त सडकखण्ड विस्तारमा केही वर्षदेखि चासो देखाउँदै आएको जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले नगर्ने बताइसकेको छ ।

“बोलपत्र आह्वानपछि जाइकाले चासो दिए मात्रै हो, उसले सूर्यविनायक-धुलिखेल सडक विस्तारको काम नगर्ने बताइसकेको छ” उनले भने । उक्त सडक करिब १६ किलोमिटर दूरीको छ । यसमध्ये काभ्रेमा १० र भक्तपुरमा छ किलोमिटर लम्बाइको पर्दछ ।

विस्तारका क्रममा निर्माण हुने छ लेनमध्ये सवारी साधनका लागि चार र दुई लेन सर्भिस् लेन हुने छ भने छ स्थानमा आकाशे पुल, चार स्थानमा पुल र एउटा कल्भर्ट निर्माण हुने जनाइएको छ । भक्तपुर र काभ्रेको सीमाक्षेत्र साँगामा प्रस्तावित एक दशमलव २९ किलोमिटर सुरुङमार्ग निर्माण गर्ने-नगर्ने बारेसमेत छलफल भइरहेकोसमेत जनाइएको छ ।

सुरुङमार्ग निर्माण गर्दा निकै खर्चिलो हुने भएकाले लगभग नबन्ने देखिएको डिभिजन इञ्जिनीयर आचार्यले बताए । उनका अनुसार दुई लेनको सुरुङमार्गमा सडकको चौडाइ साढे तीन मिटरको हुनुपर्ने छ । आयोजनाका लागि प्रारम्भिक अध्ययनबाट करिब सात अर्बको बोलपत्र लाग्नसक्ने सांसद गोकुलप्रसाद बाँस्कोटाले बताए ।

उनका अनुसार १२ वर्ष पहिले तीनकुने-सूर्यबिनायक सडक विस्तार गरेको जाइकाले सूर्यविनायक-धुलिखेल सडक विस्तारका लागि आयोजनाको ‘डिजाइन’ गर्दा सुरुङमार्गबाहेक उक्त परिमाणको रकम लाग्नसक्ने अनुमान गरेको थियो । “आयोजना सम्पन्न भएपछि धुलिखेल-भक्तपुरको सवारीचाप निकै कम भई सडक विस्तारमा अर्को फड्को मार्नेछ” उनले भने ।

जाइकाले नै सूर्यविनायक-धुलिखेल सडक विस्तारबारे सन् २०१८ मा अध्ययन सकेर प्रारम्भिक डिजाइन पेस गर्दै सरकारको बजेटमा डिजाइन अनुसारको कामगर्न नसक्ने जनाएको थियो । त्यसबेला सरकारसँग आयोजनाको बजेटमा सुरुङमार्गको योजना हटाएर पनि लागत कम गर्न अनुरोध गर्दै जाइकाले तारतम्य नमिलेको आरोप लगाउँदै हात झिकेको बताइन्छ । त्यसयता सरकारले आफैं निर्माण गर्ने जनाउँदै आएको हो ।

सरकारले आर्थिक वर्ष २०७७/७८ मा कान्ति राजपथसँगै धुलिखेल-सूर्यविनायक सडक विस्तार सुरु गर्न एक अर्ब २० करोड विनियोजन गरेको थियो भने अघिल्लो आवको बजेटमासमेत उपत्यकाको विद्यमान सवारीचापलाई व्यवस्थापन गर्न स्तरोन्नति विस्तृत अध्ययन गरिने उल्लेख गरेको थियो ।

डिभिजन सडक कार्यालय भक्तपुरले विसं २०७६ मा सडक निर्माणस्थल खाली गराउन रुख कटानलगायतको काम गर्दै आए पनि केही समयमै सोकार्य रोकिएको थियो । संघीय राजधानीबाट बागमती प्रदेशअन्तर्गत मध्यपहाडीका बिपी र पुष्पलाल राजमार्ग हुँदै पूर्वसम्मको छोटो दूरीसँग धुलिखेल जोडिएको छ । यी सडकबाट अरनिको राजमार्ग हुँदै प्रदेश १ र २ का नागरिक काठमाडौँ आउजाउ गर्दछन् । सडक विस्तार सम्पन्न भएपछि पनि चीनसँगको छोटो दूरीको नाका सिन्धुपाल्चोकको तातोपानी खुल्ला भए यो सडकखण्डमा सवारी चाप बढ्ने अनुमान गरिएको छ ।

# नारायणी रंगशालाको प्रतिवेदन राखेपमा



वीरगञ्ज, १८ साउन (रासस)/ पर्साको वीरगञ्जस्थित नारायणी रंगशालाको जग्गा मुआब्जा एवं सट्टापट्टा छानविन उपसमितिले राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा प्रतिवेदन बुझाएको छ । राखेपका सदस्य मानदेव हजाराको संयोजकत्वमा गठित उपसमितिले परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङलाई प्रतिवेदन बुझाएको हो ।

नारायणी रंगशालाको भोगचलनमा रहेको कूल १८ बिघा जग्गामध्ये १० जना व्यक्तिको १४ का निजी जग्गा रहेकाले उक्त समस्या समाधानका लागि राखेपको ९३औँ बोर्ड बैठकले राखेपका सदस्य हजाराको संयोजकत्वमा जग्गा मुआब्जा एवं सट्टापट्टा छानविन उपसमिति गठन गरेको थियो । उक्त समितिले नै राखेपका सदस्यसचिव घिसिङलाई समितिको प्रतिवेदन बुझाएको हो ।

गठित समितिले १० जग्गाधनीसँग छलफल गरेर प्रतिवेदन तयार पारी बुझाएको उपसमितिका संयोजक हजाराले बताए । हजाराका अनुसार अब परिषद्ले उक्त प्रतिवेदन बोर्ड बैठकमा प्रस्तुत गरिसकेपछि खेलकुद मन्त्रालय हुँदै अर्थ मन्त्रालयसमक्ष पुगेपछि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मूल्याङ्कन समितिले मूल्याङ्कन गरेपछि मुआब्जाको काम अघि बढ्नेछ ।

***परीक्षाबाट बञ्चित नगराउन महानगरपालिकाको निर्देशन***

यसैबीच वीरगञ्ज महानगरपालिकाभित्र सञ्चालित सामुदायिक वा संस्थागत विद्यालयमा कुनै पनि शुल्कको बहानामा विद्यार्थीलाई परीक्षाबाट बञ्चित नगराउन वीरगञ्ज महानगर पालिकाले निर्देशन दिएको छ ।

महानगरपालिकाका प्रमुख राजेशमान सिंहको सचिवालयले एक सूचना जारी गर्दै महानगरभित्रका सामुदायिक वा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई मासिक शुल्क वा अन्य कुनै पनि शुल्कको बहानामा परीक्षामा सहभागी हुनबाट रोक नलगाउन निर्देशन दिएको हो । कुनै विद्यालयले परीक्षामा सहभागी हुनबाट रोक लगाएको पाइएमा वीरगञ्ज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखामा जानकारी गराउन पनि सूचनामार्फत आग्रह गरिएको छ ।

वीरगञ्जका संस्थागत विद्यालयले शुल्क नतिरेको बहानामा विद्यार्थीलाई परीक्षामा सहभागी हुनबाट रोक लगाउने चेतावनी दिएको अभिभावकले गुनासो गरेपछि नगरप्रमुख सिंहकै निर्देशनमा सचिवालयको ध्यानाकर्षण भएको नगरप्रमुखका स्वकीयसचिव सत्यराज घिमिरले जानकारी दिए ।

# नारायणगढ-बुटवल सडक निर्माण: प्रगति ज्यादै कम

काठमाडौँ, १८ साउन (रासस)/ नारायणगढ-बुटवल सडक निर्माणको अवधि सकिँदासम्म भौतिक प्रगति १८ दशमलव ४४ प्रतिशत रहेको छ । खासगरी निर्माण कम्पनीले कतिपय कुरामा ढिलासुस्ती गर्दा र अन्तरनिकाय समन्वय ढिलाइ हुँदा अवधि सकिँदासम्म पनि प्रगति ज्यादै कम पाइएको छ ।



पूर्वी खण्डमा भौतिक प्रगति १७ दशमलव ७३ प्रतिशत र वित्तीय प्रगति १५ दशमलव १७ प्रतिशत रहेको छ । पश्चिम खण्डमा भौतिक प्रगति १९ दशमलव पाँच प्रतिशत र वित्तीय प्रगति १० दशमलव ७१ प्रतिशत रहेको छ । दुबै प्याकेजमा निर्माणको जिम्मेवारी चिनियाँ कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनीयरिङ कर्पोरेसन लिमिटेडलाई दिइएको थियो । दुबै ठेक्काको अवधि यही २२ गते सकिँदैछ ।

दुबै ठेक्कामा अवधि थपका लागि प्रक्रिया अघि बढाइएको नारायणगढ-बुटवल (पूर्वी खण्ड) प्रमुख रमेश दिष्टीले बताए । उनका अनुसार दुई वर्ष अवधि थपका लागि सिफारिस गरिएको छ । अहिले सडकमा सामान्य मर्मतको काम मात्रै भइरहेको उनले बताए । अहिले तत्काल ठेक्काको अवधि थप नहुँदा सडकको मर्मतसम्भार र सञ्चालनमा चुनौती हुने आयोजना निर्देशनालय (एशियाली विकास बैंक)का आयोजना प्रमुख सुशीलबाबु ढकालले बताए ।

नयाँ ठेक्कामा जाँदा समय बढी लाग्ने र लागत बढ्ने हुँदा स्रोतको अभाव हुने देखिएको छ । कानुनी प्रक्रियामा जाँदा ठेक्का तोडिसकेपछि पनि व्यवसायीबाट रकम असुल गर्न गाह्रो हुने उनले बताए । उनले भने, “असुल गर्नुपर्ने रकम अत्यधिक हुने तर जमानत जम्मा १० प्रतिशत मात्रै सुरक्षित हुँदा बाँकी असुल गर्न कठीन हुन्छ ।”

सडकमा हाल वर्षातको पानी निकासको समस्या रहेको प्रमुख ढकालले बताए । धेरैजसो सहरीकरण भएका स्थान गैँडाकोट, प्रगतिनगर, कावासोतीलगायतका स्थानमा कल्भर्ट र पुलेसोबाट निकास बन्द हुँदा पानी जम्ने समस्या रहेको छ । योजना निर्माण सुरु भएदेखि नै गति लिइरहेको थिएन । सुरुमा निर्माण व्यवसायीले पहिलो पटक १० महिनापछि र दोस्रो पटक १६ महिनापछि मात्रै निर्माणस्थलमा उपकरण ल्याएको प्रमुख ढकालले बताए । व्यवसायीले उत्तरतर्फको क्रसर प्लान्ट सन् २०१९ मा ल्याएपनि गत चैतबाट मात्रै सञ्चालनमा आएको थियो । कोभिड संक्रमणले काममा बाधा पुगेको प्रमुख ढकालले बताए । कोभिडका कारणले पहिले एक हजार छ सयसम्म कामदार रहेकामा घरघर जाँदा एक हजार मात्रै बाँकी थिए ।

विद्युत् लाइन स्थानान्तरण गर्दा आवश्यक सामग्री भारतबाट ल्याउनुपर्नेमा कोभिडले ल्याउन सकिएन । उनले भने, “कतिपय जनशक्ति भारतबाट ल्याउन कोभिडले सकिएन ।” अन्तर निकायगत समन्वय अभाव सडक निर्माण सुस्त हुनुको कारण भएको निर्देशनालयले जनाएको छ । ठेक्का शुरु भएको ११ महिनापछि रुख काट्ने अनुमति आएको र निकुञ्ज क्षेत्रमा काठदाउराको जिम्मेवारी लिन ढिलो भएको जनाइएको छ ।

विद्युतको संरचना हटाउने प्रक्रिया नै ढिलो मात्रै शुरु हुनु र नदीजन्य निर्माण सामग्री उत्खनन्मा स्वीकृति ढिलो हुँदा समस्या भएको थियो । उनका अनुसार स्थानीय तहले नदीजन्य सामग्रीको रोयल्टी फरक-फरक रहेको र पछिल्लो समय बढाइनु पनि समस्याका रूपमा रहेको थियो । निर्माण व्यवसायीले सुरु दुई वर्षसम्म योग्य ठेक्का व्यवस्थापक नियुक्त नगरेको र निर्माण सामग्री संकलन ढिलाइ गरेको प्रमुख ढकालले बताए । निर्माण व्यवसायीको यस किसिमको ठेक्कामा अनुभव कम भएकाले परामर्शदाताको निर्देशन ढिला गरी पालना गरेको उनले बताए ।

उनले भने, “पटक-पटक प्रतिबद्धतासहित योजना पेश गर्ने तर पूरा नगर्ने गरिएको छ ।” दुबै ठेक्कामा निर्माण व्यवसायीले ७३० दिनको थप म्याद माग गरेकामा परामर्शदाताबाट करारको सर्त अनुसार पूर्वीमा ३८६ र पश्चिम खण्डमा ३६५ दिन सिफारिस गरिएको छ । अहिले वर्षाका कारण पनि निर्माणका थप काम हुन सकिरहेको छैन । पूर्वी खण्डमा ६४ दशमलव चार किलोमिटर र पश्चिम खण्डमा ४८ दशमलव पाँच किमी गरी सडकको जम्मा लम्बाइ ११३ किमी छ । योजनाको लागत ठेक्का अंकअनुसार १६ अर्ब ९९ करोड छ । पूर्वी खण्डमा २१५ कल्भर्ट निर्माण गर्नुपर्नेमा हालसम्म १३१ वटा सम्पन्न भइसकेका छन् । जम्मा २२ साना पुल निर्माण गर्नुपर्नेमा १५ सम्पन्न भइसकेका छन् ।

जम्मा १२ ठूला पुल निर्माण गर्नुपर्नेमा दुई सम्पन्न भइसकेका छन् भने १० निर्माणाधीन छन् । ११ किमी नाली सम्पन्न भएको योजनाले जनाएको छ । पश्चिम खण्डतर्फ, १३० कल्भर्टमध्ये ७९ सम्पन्न भइसकेका छन् । त्यस्तै २१ साना पुल निर्माण गर्नुपर्नेमा हालसम्म १३ सकिएका छन् । नौ ठूला पुलमध्ये हालसम्म तीन सम्पन्न भइसकेको र छ निर्माणाधीन छन् । त्यस्तै १३ किमी नाली सम्पन्न भएको छ ।

# प्रतिबन्धित लागुऔषधसहित २२ जना पक्राउ

काठमाडौँ, १८ साउन (रासस)/ प्रहरीले उपत्यकाको विभिन्न स्थानबाट प्रतिबन्धित लागुऔषधसहित २२ जनालाई पक्राउ गरेको छ । नेपाल प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोले लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरले २०७८ असार ३२ देखि साउन १८ गते बुधबारसम्म १९ दिनमा चार महिलासहित १८ जना पुरुषलाई पक्राउ गरेको हो ।

प्रहरीले गत साउन ८ गते ताप्लेजुङ मेरिङदेन घर भई ललितपुर इमाडोल बस्ने ३३ वर्षीय तुलसा खड्कालाई पक्राउ गर्‍यो । उनको साथबाट नाइट्राभेट ट्याब्लेट एक हजार २६० थान, प्रोक्सिभन क्याप्सुल १५० थान, ‘डायलेक्स डिसी’ छ बोलत र कोडिन जस्तो देखिने रातो रङको तरल पदार्थ तीन सय मिलिलिटर बरामद भयो ।

तुलसालाई लागुऔषध उपलब्ध गराउने सर्लाही हरिवन घर भई गोकर्णेश्वर बैंसीगाउँ बस्ने ३५ वर्षीय बुद्ध बमजन र खड्कालाई लागुऔषध कारोबारमा सहयोग गर्ने सुनसरी बराह घर भई इमाडोल बस्ने २७ वर्षको युवराज खड्कालाई पनि प्रहरी पक्राउ गरेको छ । प्रहरीले लागुऔषधसहित पक्राउ परेकाको अनुसन्धानबाट सोही अवैध कारोबारमा सहयोग गर्ने र लागुऔषध उपलब्ध गराउनेसम्मलाई पक्राउ गर्न सफल भएको हो । त्यस्तै लागुऔषध नियन्त्रण ब्यूरोले साउन १३ गते ३८४ ग्राम हेरोइनसहित रामेछाप नगरपालिका-९ घर भई गोकर्णेश्वर बस्ने ४० वर्षीय जुनमाई मोक्तानलाई पक्राउ गरेको थियो ।

उपत्यकाको ललितपुर, भक्तपुर र काठमाडौँका विभिन्न स्थानबाट लागुऔषध कारोबारमा संलग्न रहेका सबैलाई पक्राउ गरी प्रहरीले बुधबार सार्वजनिक गरेको हो ।

ब्यूरोका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विकास खनालका अनुसार पक्राउ परेकाहरूको साथबाट ४५९ ग्राम हेरोइन, ‘डायलेक्स डिसी’ एक हजार १८० बोतल, नाइट्राभेट ट्याब्लेट एक हजार २६० थान र प्रोक्सिभन क्याप्सुल १५० थान बरामद गरिएको छ ।

बरामद गरिएको लागुऔषधको कूल बजार मूल्य ५८ लाख १० हजार ८०० रहेको जानकारी प्रहरीले दिएको छ । यसरी अवैध लागुऔषधमा संलग्न हुने र पक्राउ पर्नेको संख्या बढ्दो देखिन्छ । यसअघि साउन १ गते चार किलो अवैध लागुऔषध हेरोइनसहित अफ्रिकी नागरिक ज्याक एन्टोन एन्गेलब्रेच र भारतका ३२ वर्षीया ज्योथाङ्गीलाई प्रहरीले तिलगङ्गाबाट पक्राउ गरेको थियो ।

# राअविको कामलाई प्रभावकारी बनाउन सांसदको सुझाव

काठमाडौँ १८ साउन (रासस)/ प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको बुधबारको बैठकमा नेपाल विशेष सेवाको गठन र सञ्चालनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल शुरु भएको छ ।



सो छलफलमा भाग लिँदै विधायकहरूले राष्ट्रिय अनुसन्धान विभागको कार्यक्षेत्र र जिम्मेवारीको पाटोलाई ख्याल गरी त्यहाँ कार्यरत जनशक्तिले गोपनीयता कायम गर्नुपर्ने पक्षमा विशेष ध्यान दिनुपर्ने आवश्यकता औल्याए । विभागलाई प्रभावकारी तुल्याउन गृह मन्त्रालय मातहत राख्न विधायकहरूले सो अवसरमा सुझाव दिएको छ ।

समिति सदस्य गगनकुमार थापाले विभिन्न सुरक्षा निकायमध्ये राष्ट्रिय अनुसन्धान विभाग मात्रै गृहबाट झिकेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद् मातहत राख्ने कुराको औचित्य पुष्टि हुन नसक्ने धारणा राखे । सदस्य वृजेशकुमार गुप्ताले भने, “गोप्यरूपमा सूचना संकलन गर्नुपर्ने निकायमा कार्यरत जनशक्तिले नै आफ्नो विज्ञापन गर्दै हिँड्ने प्रवृत्तिले कसरी गुप्तचरी कायम होला !’ अर्का सदस्य शक्तिबहादुर बस्नेतले हाम्रो परम्परा र अभ्यास अनुरुप विभागको कार्यप्रणालीलाई चुस्त र अनुमान योग्य बनाउन प्रधानमन्त्री कार्यालय मातहत नभइ गृहमन्त्रालय अन्तर्गत नै राख्न आवश्यक रहेको सुझाव दिए । सदस्य लालबाबु पण्डितले राज्यका महत्वपूर्ण सुरक्षा जिम्मेवारीमा रहेको विभागमा कसैको आदेश र निर्देशनमा कर्मचारी भर्ना गर्ने गलत प्रवृत्तिलाई रोकी विज्ञताका आधारमा नियुक्ति र जिम्मेवारी दिनुपर्छ भने ।

मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रियहित र राष्ट्रिय स्वाधीनताको संरक्षण एवं सम्वर्द्धन तथा शान्ति सुव्यवस्था कायम गर्ने कार्यमा सघाउ पुर्‍याइ सर्वसाधारणको हित कायम गर्नेसन्दर्भमा विभागले सूचना संकलन, विश्लेषण गरी सरकारलाई राय सुझाव दिँदैआएको छ । केहीवर्ष अघि सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषदमातहत राख्ने निर्णय गरेसँगै उक्त निर्णयप्रति विभिन्न कोणबाट टिक्काटिप्पणी हुँदैआएको थियो । विधेयकमाथिका संशोधनकर्ताले विभागलाई सूचना संकलन गर्ने मात्र जिम्मेवारीमा नराखी अपराध अनुसन्धनको पाटोमासमेत काम गर्ने गरी कार्यक्षेत्र विस्तार गर्न आवश्यक रहेको सुझाव दिए ।

विधेयकमा सूचना संकलन तथा प्रतिगुप्तचरी क्रियाकलापका सिलसिलामा विभागले संदिग्ध वा निगरानीमा रहेका व्यक्ति, संघ संस्थाबाट सार्वजनिक सञ्चार माध्यम वा अन्य माध्यमबाट भएका कुराकानी, श्रव्य, दृश्य वा विद्युतीय संकेत वा विवरणलाई निगरानी, अनुगमन तथा अभिलेख गर्न सक्नेसम्बन्धी विशेष व्यवस्था प्रस्ताव गरिएको छ ।

# सरसफाई तथा सुन्दर नगरसमिति गठन

हेटौँडा, १८ साउन/ हेटौँडा उपमहानगरपालिका वडा नम्बर १० मा मुख्य बजार क्षेत्रमा बृहत सरसफाई तथा सुन्दर नगर समिति गठन भएको छ ।

हेटौँडा उपमहानगरले सुरु गरेको सफा हेटौँडा अभियानअन्तर्गत १० नम्बर वडामा मुख्य बजार क्षेत्रमा बृहत सरसफाई तथा सुन्दर नगर समिती गठन भएको हो । वडाध्यक्ष फुर्वा दोर्जे लामाको अध्यक्षतामा बुधबार भएको बैठकले वडा सदस्य ईश्वर प्रसाद मैनालीको संयोजकत्वमा ३५ सदस्यीय कार्यसमिती गठन भएको छ ।

वडामा रहेको फोहोर व्यवस्थापनको साथै लागूऔषध दुर्व्यसन न्युनिकरण गर्दै सभ्य समाज निर्माणको लागि समिती गठन गरिएको जनाइएको छ । समितीमा टोल विकास, आमा समूह, युवा क्लव, वन समिती लगायत रहेका छन् ।

# पत्रकारको राष्ट्रिय परिचयपत्र बनाइने

ललितपुर, १८ साउन (रासस)/ जिल्ला प्रशासन कार्यालय ललितपुरमा आउँदो शनिबार पत्रकारहरूको राष्ट्रिय परिचयपत्र बनाइने भएको छ ।

नेपाल पत्रकार महासंघ ललितपुर शाखाको आयोजनामा उक्त दिन जिल्लामा आबद्ध सदस्यहरूको परिचयपत्र बनाइदिएर सहजीकरण गर्न लागिएको हो । सो दिन बिहान ८ देखि १२ बजेसम्म जिल्लामा आबद्ध रहेका पत्रकारको परिचयपत्र बनाइने भएकाले अनिवार्य उपस्थितिका लागि शाखाका सचिव रामहरि कार्कीले अनुरोध गरेको छ । उनले भने, “कामको व्यस्तताले गर्दा पत्रकारले यस पत्र बनाउन नभ्याएसँगै हामीहरूले उनहरूको समस्यालाई मध्यनजर गरी यस कामको सुविधा दिन लागेका हौँ ।”

सो परिचयपत्र बनाउन आउँदा हरेक पत्रकारले अनलाइन फारम भरेको विवरणको प्रिन्ट तथा विवाहिताको हकमा सक्कल विवाह दर्ता गरेको प्रमाणपत्र एवं सक्कल नागरिकता र अविवाहिताले भने सक्कल नागरिकता अनिवार्य लिएर आउन सचिव कार्कीले आग्रह गरेको छ ।

## ३५ दिने सार्वजनिक सूचना

आज मिति २०७९/०४/१८ गतेको निर्णय अनुसार श्री जनचेतना स्वाबलम्बन बचत तथा ऋण सहकारी संस्था लि. पदमपोखरी-१२ बेलडाँडा, हाल सम्पर्क कार्यालय (संगम चोक)मा रहेको संस्थाको निर्णणअनुसार बचतकर्ताको बचत फिर्ताको निम्ति समयमा बैंकिङ ऋण असहजीकरण तथा लिने पर्ने ठाउँहरुबाट पैसा संकलन नभएको र ठूलो रकम यस संस्थाका संचालक यम नारायण रजौटेले ५६,०००००/- (अक्षेरुपी छपन्न लाख) हिनामिना गरिएको कारण उहाँको नाममा एकलौटी दर्ता कायम रहेको जग्गाको कित्ता नं. ५४८ क्षेत्रफल १-९-१० विघाह बर्दियाको फाटचौंर-५ साथै उहाँकै नाममा रहेको अर्को जग्गाको कित्ता नं. ६८ क्षेत्रफल २७३५ वर्ग मिटर बाँके सोनपुर वडा नं. ९ मा रहेको सम्पूर्ण जग्गा रोक्का गरिएकोसमेत सम्पूर्ण बचतकर्तालाई नयाँ संचालकको अध्यक्ष र कोषाध्यक्षको नामबाट व्यक्तिगत चेकसमेत काटिएको तर, सो चेकमा पर्याप्त रकम जुटाउन असमर्थ भएकोले हामी दुवैजनाले ३५ दिनको थप म्याद पाउँ भनी हजुरहरु सबै बचतकर्ताहरुलाई यही सूचनाद्वारा जानकारी गर्दछौं ।

**श्री जनचेतना स्वाबलम्बन बचत तथा ऋण सहकारी संस्था लि.**

# नागरिकमा बिमाको...

यस क्षेत्रमा सञ्चालित साना-साना व्यवसायहरू पसल, उद्यम, कृषि घरेलु व्यवसाय, पशुपालन, कुटीर उद्योग, व्यावसायिक कृषि आदि कार्यमा हुने जोखिमहरूको बिमा गर्ने प्रचलन प्रभावकारी रूपमा भएको छैन । यो लघु बिमा व्यवसायलाई विकसित गर्न पनि आगामी दिनमा नीतिगत निकायले ध्यान दिनु जरुरी देखिन्छ । बिमा कम्पनी र ग्राहकबीचमा प्रत्यक्ष रूपले बाक्लो भेटघाट हुँदैन । यी दुवै पक्षका बीचमा बिमा अभिकर्ताहरूले समन्वय गरेका हुन्छन्, जसलाई व्यावहारिक प्रचलनमा एजेन्ट भन्ने गरिन्छ । यी बिमा एजेन्टहरूलाई व्यक्तिगत र संस्थागत एजेन्ट गरी दुई भागमा विभाजन गरिन्छ ।

संस्थागत एजेन्टलाई पनि बैंक एजेन्ट र अन्य एजेन्ट गरी दुई भागमा राखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूले बिमाको एजेन्टका रूपमा कार्य गरेर बिमा सेवा उपलब्ध गराउने कार्यलाई बैंक बिमा भनिन्छ । नेपालमा बैंक बिमाको मात्रा भने अत्यन्तै कम रहेको अवस्था छ । यसलाई बढाउनका लागि आवश्यक नीति र कार्यक्रमहरू बनाउनुपर्ने खाँचो छ । हाल देशमा कतिपय सहकारी संस्था, गैरसरकारी संस्था र बचत तथा कर्जाको काम गर्ने अर्धसंगठित संस्थाहरूले बिमा समितिबाट इजाजत नलिई बिमा कारोबार गरिरहेका छन् । यो ज्यादा ठूलो जोखिमपूर्ण कार्यसमेत हो । प्रचलित कम्पनी व्यवस्थाअनुसार बिमा समितिको इजाजत नलिई बिमासम्बन्धी व्यवसाय सञ्चालन गर्न मिल्दैन ।

अत: यस चुनौतीलाई सच्याउन पनि आवश्यक नीतिको व्यवस्था हुनु जरुरी देखिन्छ । नेपालमा बिमा क्षेत्रको नियमनकारी निकाय बिमा समिति हो । तर, हालको अवस्थामा बिमा व्यवसायको बढ्दो चुनौतीसँग जुध्न बिमा समितिलाई आवश्यक अधिकार उपलब्ध भएको देखिँदैन । त्यसैले बिमा समितिको नाम नै परिवर्तन गरेर नेपाल बिमा प्राधिकरण राखेर यसलाई राष्ट्र बैंकजस्तै शक्तिशाली नियमनकारी निकाय बनाउनुपर्छ । यसो भएमा बिमा व्यवसायको क्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्न सकिन्छ । बिमा क्षेत्रमा व्यवस्थापकीय तहको जनशक्ति उचित मात्रामा उपलब्ध नहुनु यस क्षेत्रको अर्को समस्या हो । यस समस्यालाई हल गर्न राष्ट्रिय स्तरको बिमा प्रशिक्षण केन्द्र स्थापना गर्नुका साथै क्षेत्रीय स्तरमा समेत घुम्ती तालिमहरू सञ्चालन गर्नुपर्छ ।

नेपालका विश्वविद्यालयहरूका स्नातक तहका लागि बिमा विषयलाई उचित स्थान दिएर समावेश गर्दै स्नातकोत्तर तहमा बिमा विषयको अध्ययन/अध्यापन हुने प्रबन्ध मिलाई यस क्षेत्रको प्राज्ञिक र व्यावहारिक दक्षता बढाउन प्रभावकारी व्यवस्था मिलाउँदै जानुपर्छ । यसका साथै विद्यालय तहको पाठ्यक्रममा पनि बिमाबारेमा पाठ समावेश गरी पठनपाठन हुनुपर्छ । विश्व व्यापार संगठनको सदस्यको नाताले सन् २०१० जनवरीदेखि नेपालले सेवा क्षेत्रमा उदारीकरणको नीति अवलम्बन गरेको छ । यस प्रवधानले गर्दा भविष्यमा विदेशी बिमा कम्पनीका शाखाहरू नेपालमा पनि स्थापना हुन सक्छन् । बिमा क्षेत्रका समस्यालाई समाधान गर्नका लागि वस्तुपरक विकल्पहरूको खोजी गर्नुपर्छ ।

नेपालमा बिमा व्यवसायको प्रभावकारिता बढाउनका लागि यस क्षेत्रमा रहेका थप समस्याहरूको पहिचान गर्नुपर्छ । बिमा अभिकर्ताहरूलाई उचित तालिमको प्रबन्ध नहुनु, बिमा सेवा शुल्क महँगो हुनु, बिमासम्बन्धी नागरिकमा चेताना कम हुनु, स्वास्थ्य बिमाको विस्तार नहुनु नस्तिगत निकायहरू खासगरी अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय योजना आयोग बिमा समिति र बितोपत्र बोर्डका बीचमा समन्वय अभावमा प्रभावकारी कार्य सम्पादन हुन सकेको छैन ।

(लेखक विश्व शान्ति कलेजमा समाजशास्त्र अध्यापन गर्छन् ।)

# विपद्का क्षेत्रको पहिचान गरी तयारी अवस्थामा रहन महानिरीक्षक सिंहको निर्देशन

काठमाडौँ,१८साउन (रासस)/ प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले विपद्का जोखिमयुक्त क्षेत्रको पहिचान गरेर आवश्यक स्रोतसाधनसहित पूर्व तयारी अवस्थामा रहन मातहतका निकायलाई निर्देशन दिएको छ ।

काठमाडौँ उपत्यका विशेष सुरक्षा प्रहरी गण त्रिपुरेश्वरको हाताभित्र निर्माण भएको प्रहरी भवनको बुधबार शुभारम्भ गर्दै अविरल वर्षाका कारण उत्पन्न डुबान, बाढी, पहिरो लगायतका सम्भावित विपद् क्षेत्रको पहिचान गरी तयारी अवस्थामा रहन निर्देशन गरेको हो ।

“अपराध अनुसन्धान, शान्तिसुरक्षा व्यवस्थापनलगायत विपद् उद्धार कार्यमा प्रहरीले सदैव अग्रपंक्तिमा रहेर कार्यसम्पादन गर्दै आएको छ । कतिपय अवस्थामा संयमता र धैर्यता गुमाएर गरिएको निर्णयले मानवीय क्षति हुन गई प्रहरी आलोचित बन्नुपरेको दृष्टान्त छन्, यसकारण परिस्थितिअनुसार आवेग र उत्तेजनालाई नियन्त्रण गरी विवेकपूर्ण निर्णयबाट गरिने कानूनसम्मत प्रहरी कारवाही तर्कसंगत हुने हुँदा हामी सबैले यी विषयतर्फ ध्यान दिन जरूरी छ,” उनले भने । काठमाडौँ जिल्लाका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले समसामयिक परिस्थिति अनुसार कार्यसम्पादन गर्नका लागि प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि गर्दै जानुपर्ने बताए ।

उनले उपत्यकामा हुने विभिन्न आपराधिक गतिविधि नियन्त्रणमा काठमाडौँ उपत्यका विशेष सुरक्षा प्रहरी गणले प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक रवीन्द्रबहादुर धानुकले नवनिर्मित भवनले गणमा कार्यरत प्रहरी कर्मचारीलाई थप हौसला प्राप्त हुनुको साथै कार्यसम्पादनमा अझ बढी उत्कृष्टता आउने विश्वास व्यक्त गरे ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# डेरी उद्योग सञ्चालनको तयारीमा



साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर १ मा दुग्ध प्रशोधन परियोजना (डेरी उद्योग) सञ्चालनको अन्तिम चरणमा पुगेको छ ।

मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिले उद्योग सञ्चालनको तयारी गरेको हो । बागमती प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष तथा केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष नारायण प्रसाद देवकोटाको उपस्थितिमा उद्योगबाट सफलतापूर्वक परीक्षण उत्पादन गरिएको छ । उद्योगमा जडान भएका मेशिनको प्रारम्भिक परीक्षण समेत गरिएको छ । बागमति प्रदेश सरकार, सहकारी बजार विकास कार्यक्रम (सिएमडिपी) र सहकारी संघको लगानीमा दुग्ध प्रशोधन उद्योग निर्माण गरिएको हो ।

उद्योगबाट जिल्ला दुग्ध उत्पादक सहकारी संघमा आवद्ध र स्थानीय कृषकले उत्पादन गरेका कच्चा दुधलाई संकलन गरी दुधका परिकारहरु तयार गरी बिक्री गरिने संघका अध्यक्ष बासुदेव अधिकारीले बताएका छन् । करिब ६ करोड लगानीमा निर्माण भईरहेको उद्योगमा बागमती प्रदेश सरकारको ५७ लाख २० हजार, सहकारी बजार विकास कार्यक्रम (सिएमडिपी)को एक करोड ७१ लख र सहकारी संघको करिब ३ करोड लगानी रहेको छ । दशैंको समय पारेर सबै वस्तु उत्पादन हुने गरि उद्योग पूर्ण रुपमा सञ्चालनमा ल्याउने तयारी भइरहेको छ ।

उद्योगसँग एक सिफ्टमा १० हजार लिटर दुधको विभिन्न परिकार बनाउन सक्ने क्षमता रहेको छ । जिल्लाका ६० वटा सहकारी संस्था आवद्ध रहेको दुग्ध सहकारी संघले दैनिक ४० हजार लिटर दुघ खरिद बिक्रीका लागि सहजिकरण गर्दै आइरहेको छ ।

उद्योगको परीक्षण उत्पादनमा दुग्ध विकास संस्थान हेटौंडाका आयोजना प्रमुख नवीन शर्मा, हेटौंडा डेरीका संकलन प्रमुख प्रदिप पौडेल, मकवानपुर जिल्ला सहकारी संघका व्यवस्थापक गोविन्द दाहाललगायतको उपस्थिति थियो ।

प्रदेश सहकारी बिकास बोर्डका कार्यकारी उपाध्यक्ष देवकोटाले जिल्ला दुग्ध उत्पादक सहकारी संघमा संकलित दुधलाई विभिन्न परिकार बनाई बजारिकरण गर्ने उद्देश्य अनुरुप उद्योग सञ्चालनको तयारीमा रहेको बताए । कृषकहरुलाई व्यवसायिक बनाउँदै आत्मनिर्भरतर्फ उन्मुख गराउन उद्योग प्रभावकारी हुने विश्वास लिइएको छ ।

# स्तनपानले शिशुको प्रारम्भिक विकासमा महत्वपूर्ण भूमिका खेल्छ: मन्त्री लामा



साझाकुरा संवाददाता

हेटौंडा, १८ साउन/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले स्तनपानले शिशुमा प्रारम्भिक विकासमा धेरै महत्वपूर्ण भूमिका खेल्ने बताएका छन् ।

'विश्व स्तनपान सप्ताह २०२२' को सन्दर्भ पारेर मन्त्री लामाले सन्देश जारी गर्दै मन्त्री लामाले तनपानले शिशुमा प्रारम्भिक विकासमा धेरै महत्वपूर्ण भूमिका खेल्ने बताएका हुन् । उनले सरकारले स्तनपान विषयलाई प्रोत्साहन गर्ने उद्धेश्यले राखेर महत्वपूर्ण रुपमा लिएको पनि उल्लेख गरेका छन् । मन्त्री लामाले भनेका छन्, 'अगष्ट १ देखि ७ सम्म नेपालमा पनि मनाईंदैछ । नेपालमा पनि स्तनपान विषयलाई प्रोत्साहन गर्ने उद्धेश्यले राखिएको छ र यसलाई नेपाल सरकारले धेरै महत्वपूर्ण रुपमा लिएको छ । स्तनपानले शिशुमा प्रारम्भिक विकासमा धेरै महत्वपूर्ण भूमिका खेल्छ । विश्व स्तनपान सप्ताहको अवसरमा स्तनपानका फाइदाहरूबारे जनचेतना फैलाउन र स्तनपानका फाइदाहरूबारे चेतनाका कार्यक्रम आयोजना गरिन्छ ।' विश्व स्तनपान सप्ताह २०२२ स्तनपानमा अग्रसर हुनका लागि ज्ञान दिऔं र समर्थन गरौं' भन्ने नाराका साथ विश्वभर स्तनपान दिवस मनाइने गरेको भन्दै मन्त्री लामाले 'विश्वमा सन् २०१६ देखि विश्व स्तनपान सप्ताहलाई संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यसँग पंक्तिवद्ध गरिएको छ । सन् २०१८ मा विश्व स्वास्थ्य सभाको प्रस्तावले विश्व स्तनपान सप्ताहलाई महत्वपूर्ण प्रवर्द्धन गर्ने रणनीतिको रुपमा समर्थन गरेको उल्लेख गरेका छन् ।

यस पटकको स्तनपान सप्ताह समाजका विभिन्न तहहरुमा स्तनपानको संरक्षण, प्रवर्द्धन र समर्थन गर्ने अभियन्ताहरुको क्षमतालाई अझ मजबुद बनाउनमा केन्द्रित हुने उनले जारी गरेको सन्देशमा भनिएको छ । अभियन्ताहरुले स्तनपानको लागि समर्थनको न्यानो श्रृखंला बनाउँछन् भन्ने सन्देश मार्फत् उनले विश्वास व्यक्त गरेका छन् ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

## H.A कार्यक्रम

**फारम बुझाने अन्तिम मिति:**
२०७९ साउन २६ गते बिहीबार बेलुका ४:३० बजे सम्म

**प्रवेश परीक्षा मिति:** २०७९ भाद्र ०४ गते विहान ११ बजे

फारम शुल्क रू १५००/-

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:**
मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SLC/SEE) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम 'C' ग्रेड प्राप्त गरी समग्र Grade Point Average (GPA) न्यूनतम २ प्राप्त गरेको हुनुपर्नेछ ।

**नोट:**
सामुदायिक, विद्यालय अध्ययन गरेको एकल महिला, दलित, आदिबासी/जनजाती मुस्लिम, मधेसी, पिछडिएको दुर्गम वर्गमा पर्ने विद्यार्थीहरुले सोको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

## मकवानपुर टेक्निकल इन्ष्टिच्युट

हेटौंडा-५, भैरवरोड, सम्पर्क: ०५७-५२१८५२, ९८४५०२९८१०

## मकवानपुर बहुमुखी क्यापसमा

## कक्षा ११ मा भर्ना खुल्यो

समुदायको व्यवस्थापनमा सञ्चालित उत्कृष्ट शैक्षिक गन्तव्य गुणस्तरीय क्याम्पसको रुपमा प्रमाणित मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो । यथाशिघ्र भर्ना भई उपयुक्त विषयको अध्ययन गरी सुन्दर भविष्य निर्माणमा अग्रसर हुन सम्पूर्ण विद्यार्थीमा अनुरोध गरिन्छ । फारम वितरण भइरहेको छ । कक्षा सञ्चालन भदौ ५ गते आइतबारदेखि हुने जानकारी गराइन्छ ।

**बिहानी समूह**
**व्यवस्थापन**
**मानविकी**
**शिक्षाशास्त्र**

**दिवा समूह**
**विज्ञान**
**व्यवस्थापन**



**विज्ञान संकायको प्रवेश परीक्षा साउन २४ गते दिनको १ बजे हुनेछ ।**

## मकवानपुर बहुमुखी क्याम्पस

हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर:** बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२



## विक्की फ्रेस मिट शप



हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**

## हार्दिक बधाई तथा शुभकामना



श्री अरुण राज सुमार्गी

यस विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष **श्री अरुण राज सुमार्गी** ज्यू संयुक्त राष्ट्र संघ अन्तर्गतको आर्थिक तथा सामाजिक परिषदको अन्तर-सरकारी पर्यवेक्षक संस्था Autonomous Intergovernmental Institution for the use of Micro–algae Spirulina Against Malnutrition (IIMSAM) को **विशिष्ठ अवैतनिक सल्लाहकार**मा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**रमेश रिमाल**
प्रमुख कार्यकारी अधिकृत
एवम्

## हेटौंडा एकेडेमी परिवार

हेटौंडा-११, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना